ईन्द्रावती गाउँपालिकाको पहिलो गाउँ कार्यपालिको वैठक

वैठक संख्या १
मिति २०७९।०२।१८ गते
समय : दिउसो १२.०० वजे
स्थान :गाउँपालिकाको सभा हल नवलपुर

आज मिति २०७९।०२।१८ गते यस गाउँपालिकाको अध्यक्ष श्री झम्क नाथ नेपाल ज्यूको अध्यक्षतामा पहिलो गाउँ कार्यपालिकाको वैठक देहायका पदाधिकारी ज्यूहरुको समुपस्थितिमा देहायका निर्णय गर्दै सम्पन्न भयो ।

**उपस्थिति :**

| सि.नं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री झम्क नाथ नेपाल | अध्यक्ष | |
| २ | श्री सोभना तामाङ्ग | उपाध्यक्ष | |
| २ | श्री चिनलाल तामाङ्ग | १ नं. वडा अध्यक्ष | |
| ३ | श्री श्याम वहादुर गिरी | २ नं. वडा अध्यक्ष | |
| ४ | श्री भिमसेन थापा | ३ नं. वडा अध्यक्ष | |
| ५ | श्री क्षेत्रवहादुर तामाङ्ग | ४ नं. वडा अध्यक्ष | |
| ६ | श्री शशीनाथ आचार्य | ५ नं. वडा अध्यक्ष | |
| ७ | श्री इन्द्रवहादुर तामाङ्ग | ६ नं. वडा अध्यक्ष | |
| ८ | श्री रवीन्द्र कुमार खाती | ७ नं. वडा अध्यक्ष | |
| ९ | श्री डिलवहादुर श्रेष्ठ | ८ नं. वडा अध्यक्ष | |
| १० | श्री वावुराम लामा | ९ नं. वडा अध्यक्ष | |
| ११ | श्री रामचन्द्र घिमिरे | १० नं. वडा अध्यक्ष | |
| १२ | श्री रामजी माझि | ११ नं वडा अध्यक्ष | |
| १३ | श्री सुरेन्द्र वहादुर दनुवार | १२ न. वडा अध्यक्ष | |
| १४ | श्री तिलक वहादुर रोक्का | कार्यपालिका सदस्य | |

उल्लेखित निर्णयहरु सर्व सम्मत पारियो ।

झम्क नाथ नेपाल
अध्यक्ष

ईन्द्रावती गाउँपालिकाको पहिलो गाउँ कार्यपालिकाको वैठक

| | | | |
|---|---|---|---|
| | | | अनिता |
| १५ | श्री अनिता कार्की | कार्यपालिका सदस्य | |
| १६ | श्री गिता सोनाम | कार्यपालिका सदस्य | गीता |
| १७ | श्री मिठु नेपाली | कार्यपालिका सदस्य | |
| १८ | श्री सीता तिरुवा | कार्यपालिका सदस्य | [signature] |
| १९ | श्री रामहरी दनुवार | कार्यपालिका सदस्य | [signature] |
| २० | श्री रामप्रसाद शर्मा | प्रमुख प्रशासकीय अधिकृत | [signature] |
| २१ | राजाराम घोराईसै | इन्जिनियर | [signature] |

प्रस्तावहरु

१) समिक्षा तथा सुभकामना

२) वडा स्तरिय र गाउँपालिका स्तरिय योजना तर्जुमा सम्वन्धमा ।

३) नदिजन्य पदार्थको वोलपत्र आव्हान सम्वन्धमा ।

४) भुकम्प प्रभावित व्यक्तिहरुको छुट लाभग्राही सूचीमा नाम समावेश सम्वन्धमा ।

५) विविध

उल्लेखित निर्णयहरु सर्व सम्मत पारियो ।

ईन्द्रावती गाउँपालिकाको पहिलो गाउँ कार्यपालिको वैठक

निर्णयहरु

निर्णय नं १

प्रस्ताव नं १ माथि छलफल गर्दा यस गाउँपालिकाको हाल सम्म संचालन भएका विकास निर्माण ,दैनिक प्रशासनिक कामकाजको समिक्षा भयो । आर्थिक वर्ष समाप्त हुन अव केही दिन मात्र वाँकी रहेकाले सम्पुर्ण योजनाका कामहरु असाढ १५ गते सम्म सम्पन्न गर्न ठेकेदार कम्पनी , उपभोक्ता समितिहरुलाई निर्देशन दिने , गाउँपालिका कार्यालय, वडा कार्यालय स्वास्थ्य चौकी ,आधारभुत स्वास्थ्य केन्द्र वाट प्रवाह हुने सेवा प्रवाहलाई चुस्त दुरुस्त राख्न लगाउने , सम्पुर्ण नवनिर्वाचित वडा अध्यक्ष ज्यूहरुले दस्तखत नमुना जिल्ला प्रशासन कार्यालय ,मालपोत कार्यालय र नापी कार्यालयमा पठाउने , सवै नवनिर्वाचित जनप्रतिनिधि ज्यूहरुले आफनो सम्पति विवरण निर्वाचित भएको ६० दिन भित्र भरि गाउपालिका कार्यालयमा मार्फत मुख्यमन्त्रिको कार्यालयमा पेश गर्ने ,कुनै कारणवश वडा अध्यक्ष वडा कार्यालय भन्दा ३ दिन भन्दा वढी समय वाहिर जानु पर्ने भएमा अनिवार्य रुपमा वरिष्ठतम् सदस्यलाई का.वा अध्यक्षको जिम्मेवारी दिने , ।

साथै स्थानीय तह सदस्य निर्वाचन २०७९ मार्फत जनप्रतिनिधिको रुपमा निर्वाचन गर्न सहयोग गर्ने आम गाउँपालिकावाशी दाजु भाई दिदि वहिनी र प्रत्यक्ष अप्रत्यक्ष रुपमा निर्वाचन गराउन सहयोग गराउने कर्मचारी शिक्षक वर्ग , सुरक्षा निकाय ,संचारकर्मीहरुलाई धन्यवाद दिदै नवनिर्वाचित हुने हुनु भएका अध्यक्ष ज्यू , उपाध्यक्ष ज्यू , वडा अध्यक्ष ज्यू , कार्यपालिकाका सदस्य ज्यूहरु , र वडा सदस्य ज्यूहरुलाई सफल कार्यकालको वधाई तथा सुभकामना साटासाट गर्ने ।

निर्णय नं २

प्रस्ताव नं २ माथि छलफल गर्दा यस गाउँपालिकाको आ.व २०८९।२०८० सालको विनियोजन विधेयक र आर्थिक विधेयक २०७९असाढ १० गते गाउँ सभामा पेश गरी असाढ मसान्त सम्म स्वीकृत गरि सक्नु भएकोले सम्पुर्ण वडा कार्यालयहरुले यही जेष्ठ मसान्त सम्म अनिवार्य रुपमा आगामी वर्ष संचालन हुने अनुमानित योजनाको नाम , संख्या र लागत अनुमान साविकै वमोजिम वस्ति स्तरमा गई व्यापक सहभागिता गराई वडा समिति वाट स्वीकृत गराई गाउँपालिकामा पेश गर्ने र यस गाउँपालिकामा आयोजना वैक नहुँदा दातृ निकाय समक्ष योजना पेश गर्न कठिनाई भएको सन्दर्भमा सवै वडा कार्यालयहरुले आगामी ५ वर्षमा संचालित हुने योजनाको अनुमानित नाम संख्या र रकम क्षेत्रगत रुपमा तयार गरेको ढाँचामा तयार गरि पेश गर्ने ।

निर्णय नं ३

प्रस्ताव नं ३ माथि छलफल गर्दा यस गाउँपालिकाको राजश्व परामर्श समिति र प्रारम्भिक वातावरणीय प्रभाव मुल्यांकनले सिफारिस गरेको प्रतिवेदनको आधारमा आगामी वर्ष २०७९।२०८० को नदीजन्य पदार्थ (दहत्तर वहत्तर) को वोलपत्र आव्हान गर्ने ।

उल्लेखित निर्णयहरु सर्व सम्मत पारियो ।

ईन्द्रावती गाउँपालिकाको पहिलो गाउँ कार्यपालिको वैठक

निर्णय नं ४

विनासकारी महाभुकम्प २०७२ साल वैसाख १२ र २९ गतेको कारण सिन्धुपाल्चोक जिल्ला अति प्रभावित जिल्लाको रुपमा रहेको र यसै जिल्ला अन्तर्गतका यस ईन्द्रावती गाउँपालिकामा ५०० जना भन्दा वढी व्यक्तिहरुको ज्यान गएको र सयौ घरहरु भत्कि चल अचल सम्पतिमा ठुलो क्षति भएको सन्दर्भमा नेपाल सरकार भुकम्प पुनः निर्माण प्राधिकरणवाट भुकम्पका कारण चल अचल सम्पतिमा क्षति भएका प्रभावितहरुको लाभग्राही सूचीमा केही व्यक्तिहरु अझै पनि छुट हुन गएको भनि यस गाउँपालिका वडा नं ६ का केही व्यक्तिहरुले लाभग्राही सूचीमा नाम समावेश गरि नेपाल सरकार समक्ष सिफारिस गरि दिनु हुन भनि यस गाउँपालिकाममा ६ नं वडाका ७८ जना सहित छुट भएका अन्य व्यक्तिहरुले निवेदन दर्ता गर्नु भएकोले अन्य लाभग्राहीले पुनः निर्माण सम्वन्धि पाएको लाभ सरह लाभग्राही सूचीमा नाम समावेश गरि दिनु हुन नेपाल सरकार पुनः निर्माण सँग सम्वन्धित निकाय समक्ष सिफारिस गर्ने ।

विविध ५

क) प्रस्ताव नं ५ माथि छलफल गर्दा यस गाउँपालिकाका देहायका वडाहरुमा रहेका खोलाहरुमा झोलुङ्गे पुल नहुदा आवागमनमा कठिनाई भएकोले झोलुङ्गे पुल निर्माण गरि दिनु हुन सम्वन्धित निकायमा माग गर्ने ।

तपशिल

१) इन्द्रावती ११ विसदेउटार वाट मण्डन देउपुर १० माइटार जोडने इन्द्रावती नदीमाथिको झो पु

२) इन्द्रावती ५ प्यूघर माझी वस्तिवाट मेलम्ची नपा १३ एक्लेवेशी फाँट जोडने इन्द्रावती नदीमा झो पु

३) खडपुरेश्वर फटकशिला जोडने झो पु इन्द्रावती ६ मेलम्चि १३ झो पु

४) इन्द्रावती ७ डिहीवाट मेलम्ची १३ फटकशिला जोडने झो पु

५) वडा नं ७ को चिल्डेन पार्कवाट वडा नं १० को गोल्माथान जोडने झो पु

६) वीसदेउटार सालविसौना ईन्द्रावती नदी वडा नं ११ को झो पु

७) खोलेखेत झो पु इन्द्रावती १ र चौतारा साँगाचोक गढी १ झायाडी खोला झो पु

ख) प्रस्ताव नं ५ माथि छलफल गर्दा यस गाउँपालिकामा यस बर्षको वाढी पहिरोका कारण क्षति पुगेका मुख्य सडकहरुमा मुख्य मुख्य सडकहरु पहिचान गरि आवागमन नियमित गराउनु पर्ने भएकोले पहिचान गरि लागत अनुमान सहित आगामी वैठकमा पेश गर्ने ।

ग) प्रस्ताव नं ५ माथि छलफल गर्दा यस गाउँपालिकामा रहेका स्वास्थ्य स्यमंसेविकाहरुका लागि वागमती प्रदेश सरकारवाट महामरी न्यूनिकरण सम्वन्धि १० दिने आधारभुत तालिमका लागि प्रति दिन रु ४०० यातायात खर्च उपलव्ध गराउने गरि कार्यक्रम आयोजना गरेकोले भौगोलिक

उल्लेखित निर्णयहरु सर्व सम्मत पारियो ।

बालकृष्ण नाथ नेपाल
अध्यक्ष

ईन्द्रावती गाउँपालिकाको पहिलो गाउँ कार्यपालिको वैठक

विकटताका कारण रु ४०० ले खाना वस्न र यातायात खर्च उपलब्ध गराउन नसकिने भएकोले यस गाउँपालिकाको कोभिड कोषमा रहेको रकमवाट रु प्रति व्यक्ति प्रति दिन रु ६०० हुने गरी खाना खाजा खर्च उपलब्ध गराउने ।

घ) यस गाउँपालिका र नेपाल टेलीकम दुर संचार प्राधिकरण वीच भुकम्पवाट अति प्रभावित ८ जिल्लाहरु मध्ये सिन्धुपाल्चोक ईन्द्रावती गाउँपालिकामा ग्रामिण दुर संचार विकास कोष प्रयोग गरि ब्रोडवैण्ड इन्टरनेट सेवाको क्षमता अभिवृद्धी विस्तार गर्ने सम्वन्धमा गाउँपालिका संग समझदारी प्रत्रमा हस्ताक्षर भएकोमा हाल नेपाल टेलिकमवाट उक्त कार्य गर्न यस कार्यालयवाट वोलपत्र आव्हान गर्न निर्देश गरेकोमा समझदारी पत्रको अधिनमा रही सोको वोलपत्र आव्हान गर्ने ।

ङ) यस गाउँपालिका जिरोकिलो नवलपुर लहरेमाने मानेडाडाँ सडकको निर्माणको म्याद २०७९ साल अषाढ २५ गते सम्म थप गर्ने ।

च) यस गाउँपालिका वडा नं ७ वस्ने रमेश सार्कीको घर तथा सौचालय निर्माण गर्न विपद व्यवस्थापन समितिको निर्णय अनुसार भएको रकम रु ५०००० पचास हजार मात्र वन तथा भु संरक्षण कार्यक्रमवाट भुक्तानी गर्ने

छ) यस गाउँपालिका वडा नं ९ र १२ मा संचालित एम्वुलेन्सको (ग) श्रेणीवाट (ख) श्रेणीमा अपडेड र एम्वुलेन्स संचालनको लागि गर्नु पर्ने वाँकी प्रकृया पुरा गर्न कोभिड व्यवस्थापन कोषवाट भुक्तानी हुने हुने गरि खर्च गर्ने ।

कमल नाथ नेपाल
अध्यक्ष

उल्लेखित निर्णयहरु सर्व सम्मत पारियो ।

CamScanner